२०७१।१।१२

बैठक संख्या-१७७

बिहान ६:०० बजे

उपस्थिति

श्री भोजराज खतिवडा - कार्यकारी अधिकृत - धरान न.पा - (सही)

आज मिति २०७१।१।१२ गते शुक्रवार धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसी तपसिलको निर्णय गरियो।

निर्णय नं. १

जिन्सी लिलाम सम्बन्धमा - मिति २०७०।०१।०७ मा बसेको धरान नगरपालिका जिन्सी लिलाम समितिको बैठकले निर्णय गरी पेश गरेको प्रतिवेदनलाई कार्यान्वयन गर्ने निर्णय गरियो प्रतिवेदनको न्यूनतम मुल्याङ्कन निम्नानुसारको रहेको छ।

| क्र.सं. | सामानहरु | संख्या | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|
| १ | टिपर बा.१ग १०७४ | १ | ५०,०००/- | चक्का नभएको |
| २ | ट्याक्टर को द. २२ | १ | ३२,००० | " " |
| ३ | ट्याक्टर को द. २३ | १ | ४०,०००/- | अगाडि र पछाडि ११० ... को |
| ४. | मोटरसाइकलको १.प २१४४ | १ | १०,००० | |
| ५. | पुरानो टिनको पाताहरु | ५ | ७५,००१/- | |
| ६. | ठूलो एंगलपत्ती | ३ | १६,००१/- | |
| ७. | एल आकारको एंगलपत्ती | १२ | ३५,००१/- | |
| ८. | फलामको रेलिङ्ग | १ | १६,००१/- | |
| ९. | फलामको होर्डिङ्ग बोर्ड | १ | ४५,००१/- | |
| १०. | फलामको पाइप (सानो) | १ | १०,००१/- | |

माथी उल्लेखित निम्नतम मुल्याङ्कनलाई लिलाम बढाबढ गरा-उनकालागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. २

यस नगरपालिकाको आर्थिक वर्ष २०७०।७१ को लागि स्वीकृत 'क्षमता विकास योजना' अन्तर्गत "नागरिकता लगायत अन्य सिफारिसहरु गर्ने प्रकृया सम्बन्धि वडा सचिवहरुको लागि अभिमुखीकरण कार्यक्रम" को लागि विनियोजित बजेटमा उक्त कार्यक्रम सम्पन्न भई बाँकी रहेको रकम 'नेपाल नगरपालिका कर्मचारी एसोसियसन' बाट प्रस्तावित 'शहरी सुशासनकालागि ट्रेड युनियन अधिकार र कर्मचारी आचार संहिता" विषयक तालिम कार्यक्रममा खर्च गर्ने निर्णय गरियो।

आजको बैठक १०: बजे समापन गरियो।